खानीखोलागाउँपालिका

काभ्रेपलाञ्चोकजिल्ला, प्रदेश नं. ३

# खानीखोलागाउँपालिका राजपत्र

गाउँकार्यपालिकाद्वारा प्रकाशित

खण्डः २ संख्याः ०१ मितिः २०७५/०३/२८

भाग-१

**गाउँ कार्यपालिकाको बैठकबाट निर्णय मितिः २०७५।२।२१**

**गाउँसभाबाट स्वीकृत मिति :२०७५।०३।२८**

# <u>खानीखोलागाउँपालिकाविनियोजन ऐन २०७५</u>

**खानीखोलागाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन**

**<u>प्रस्तावना</u>**

.खानीखोलागाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिमखानीखोलागाउँ सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)**यस ऐनको नाम"खानीखोलागाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिकवर्ष २०७५।०७६ को निमित्तगाउँकार्यपालिका, वडा समिति, विषयगतशाखालेगर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ माउल्लिखितचालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २४,७२,६५,०००। (अक्षेरुपी चौविस करोड बहत्तर लाख पैसठि हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७५।०७६को निमित्त..खानीखोलागाउँपालिकाकोगाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिएकोछ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमागाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५प्रतिशतमानबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५प्रतिशतभन्दाबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमागाउँ सभाको स्वीकृतिलिनु पर्नेछ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **1** | **2** | **3** | **4** | **5** | **6** | **7** |
| 1 | | गाउँकार्यपालिका | | | | |
| 2 | | वडा समिति | | | | |
| 3 | | बिषयगतशाखा | | | | |
| 4 | | ऋणको साँवाव्याजभुक्तानी | | | | |
| 5 | | लगानी (शेयर/ऋण) | | | | |